# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७६।११।१४

### प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघका सभासद् तथा हाम्रा कुरा डटकमका प्रधानसम्पादक अजयबाबु सिवाकोटीले पत्रकारिता गरेकै कारण आफू असुरक्षित भएको भनी महासंघमा जानकारी गराउनु भएकोप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

पछिल्लो समय खोजी पत्रकारितामा क्रियाशील सिवाकोटीले आफ्नो निवास र कार्यालय वरपर केही अपरिचित व्यक्तिहरुले शंकास्पद गतिविधि बढाएकोले आफू असुरक्षित भएको भनी महासंघलाई जानकारी गराउनु भएको हो ।

स्वतन्त्रतापूर्वक पत्रकारिता गर्ने पत्रकारको संवैधानिक अधिकारलाई हतोत्साहित बनाउने यस्तो गतिविधिको महासंघ कडा भर्त्सना गर्दछ । र, पत्रकार सिवाकोटीको सुरक्षामा विशेष ध्यान दिन एवं स्वतन्त्र र सुरक्षित पत्रकारिता गर्ने वातावरण बनाउन सम्बन्धित निकायसँग माग गर्दछ ।

**रमेश विष्ट**
**महासचिव**


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org